मध्युर थिमि नगरपालिका

मध्यपुर थिमि, भक्तपुर

# बार्षिक सुशासन प्रतिवेदन

आ.व. ०७२/७३

# मध्यपुर थिमि नगरपालिका

मध्यपुर थिमि,भक्तपुर

# वार्षिक सुशासन प्रतिवेदन

## (Annual Governance Status Report)

## परिच्छेद एक

## मध्यपुर थिमि नगरपालिकाको सेवाप्रवाह अवस्था

**I. दीर्घकालिन सोच (Vision)**

"हाम्रो कला हाम्रो संस्कृति,मध्यपुर थिमि हाम्रो सम्पति" भन्ने मुल नारालाई आत्मसात गरी अगाडी बढेको मध्यपुर थिमि नरपालिकाको मिति २०६९।३।२४ TITI मा , २०६९।०५।२१ राष्ट्रिय क्षयरोग तालिम केन्दमा, २०६९।६।१४ TITI मा दीर्घकालीन दृष्टिकोण (Vision) तयारी कार्यशाला गोष्ठीहरुमा राजनैतिक दलका प्रतिनिधि, विज्ञ, सरोकारवाला, समाजसेवी एवं बुद्धिजीवि सहभागीहरुको उपस्थितिमा भएको व्यापक छलफल तथा समुहगत कार्य लगायत प्रस्तुतीवाट मध्यपुर थिमि नगरपालिकाले "**साँस्कृतिक, पर्यटन र पूर्वाधारयूक्त समृद्ध नगर**" भन्ने दीर्घकालीन दृष्टिकोण तय गरेको छ ।

**II. लक्ष्य (Mission)**

मूलभूत रुपमा नगरको साँस्कृतिक सम्पदायूक्त परम्परागत बस्ती क्षेत्रलाई साँस्कृतिक पर्यटकीय नगरको रुपमा संरक्षण र प्रबर्द्धन गर्ने अनि सो क्षेत्र बाहिर पूर्वाधारयूक्त शहरी बिकास गर्दै भौतिक, आर्थिक र सामाजिक बिकास सहितको सम्बृद्ध नगर बनाउने लक्ष्य राखिएको छ । दीर्घकालिन सोचलाई हृदयंगम गर्दै मध्यपुर थिमि नगरपालिकाले निम्न लक्ष्यहरु तय गरेको छ :

१. मध्यपुर थिमि क्षेत्रको कला संस्कृति र ऐतिहासिकताको महत्व समेतलाई दृष्टिगत गरी मध्यपुर थिमि क्षेत्रलाई पर्यटकीय नगर बनाउने ।
२. बिद्यमान शैक्षिक प्रतिष्ठानहरुको स्तर उन्नति र थप क्षेत्र बिस्तार गरी उपयूक्त स्थानहरुमा ब्यापारिक, शैक्षिक केन्द्रको रुपमा अझ सशक्त बनाउँदै लैजाने ।
३. भौतिक विकास, आर्थिक लगायत सामाजिक विकासको दायरालाई समेत फराकिलो बनाई दलित, जनजाति वर्गलाई समेटी समावेशी सामाजिक विकास गर्ने ।
४. बढ्दो शहरीकरणलाई थप ब्यबस्थित गर्दै लाने ।

**III. उदेश्य (Objective)**

१. सामाजिक-आर्थिक रुपले नगरबासीको जीवनस्तर (Quality of Life) मा देखिने गरी सुधार ल्याउने ।
२. न.पा.मा ब्यबस्थित शहरी बिकासका लागि भौतिक पूर्वाधार सम्पन्न बनाउने ।
३. सामाजिक विभेद र विकासको प्रतिफलको असमानुपातिक वितरणलाई हटाउने ।

४. न.पा.लाई पर्यटकीय गन्तब्य बनाउने ।
५. ब्यापारिक र शैक्षिक गतिबिधिहरु ब्यबस्थित गर्दै लाने ।

## IV. नीति तथा रणनीतिहरु

१. नगर विकासलाई योजनाबद्ध ढंगले ब्यबस्थित गर्दै जाने ।
२. न.पा.को एक्लो प्रयासबाट मात्र विकास सम्भव नहुने भएकोले र स्थानिय बिकास निर्माण कार्यमा अन्य सम्बद्ध सरकारी कार्यालय,संघ संस्थासंग समन्वय र सहकार्य गर्ने ।
३. सरकारी तथा दाताको अनुदानमा मात्र आश्रित हुने प्रवृत्तिबाट दीगो विकास सम्भव नहुने भएकोले निजी क्षेत्रको लगानीलाई आकर्षित गरी सार्वजनिक निजी साझेदारी (PPP: Public Private Partnership) को सिद्धान्त अनुरुप निजि क्षेत्रलाई पनि शहरी बाताबरण सुधार र विकास निर्माणमा आकर्षित र प्रोत्साहित गर्दै जाने ।
४. न.पा.को भौतिक विकासमा उपभोक्ता समितिको लागत, सहभागिता र संलग्नता बढाउँदै लैजाने ।
५. बर्तमान वडा नागरिक मञ्च र टोल विकास संस्थाहरुलाई स्थानिय विकास निर्माणमा क्रियाशील बनाउने ।
६. सामाजिक परिचालन मार्फत न.पा.को विकास सम्बन्धी धारणा स्थानीय जनता र टोलबस्तीमा पुऱ्याइ मानवपूँजी (Human Resource) निर्माण र सशक्तिकरण गर्ने ।
७. गरिबी न्यूनीकरण कार्यक्रममा लगानी बढाउने र कार्यक्रमको प्रभावकारिताको आवधिक मूल्याङ्कन र आवश्यकता अनुसार परिमार्जन गर्ने ।
८. गरिब, अपाङ्ग र सिमान्तकृत वर्गका बालबालिकालाई निःशुल्क पठनपाठन गराउन निजी, संस्थागत र सामुदायिक विद्यालयहरुसँग सहकार्य गर्ने ।
९. महिला, बालबच्चा, वृद्ध र सिमान्तकृत वर्गलाई लक्षित गरेर सञ्चालित कार्यक्रमलाई न.पा.का अनुदान बढाउँदै लैजाने ।
१०.न.पा.मा विद्यमान अवसरहरु (शिक्षा, स्वास्थ्य, कृषि, आदि) लाई समुचित उपयोग गर्दै विशेष लगानीका क्षेत्रहरुको पहिचान गर्दै नगरको दीर्घकालिन योजनामा समाविष्ट गर्ने ।

## V. कार्यनीतिहरु

(१) मध्यपुर थिमि नगरपालिकाको नगर क्षेत्रलाई व्यवस्थित, योजनावद्ध, वातावरण मैत्री दीगो शहरी विकास गर्नका लागि एउटा नगर स्तरीय आवास गुरु योजना (Urban Settlement Master Plan)निर्माण गर्न आधार तयार गर्ने ।
(२) दीर्घकालिन एवं वातावरण मैत्री दीगो यातायात विकासका लागि एउटा नगर स्तरीय यातायात गुरु योजना (Municipality Transportation Master Plan) बनाई लागु गर्ने ।
(३) नगरपालिकाको क्षेत्रभित्र रहेका सिमा खोलाहरु मनोहरा र हनुमन्ते खोलालाई आधार मानी मध्यपुर थिमि नगरपालिका तर्फबाट मनोहरा, हनुमन्ते सडक कोरीडोर बिकास गरी सो कोरीडोरलाई चक्रपथको रुपमा विकास गर्ने ।
(४) नगरपालिकाको मातहतमा व्यवस्थित एकिकृत आवास विकासका लागि सडक, खानेपानी, विद्युत तथा ढल निर्माणको संयुक्त अवधारणामा आधारित एकिकृत जग्गा विकास कार्यक्रम सञ्चालनका लागि नगरवासी र सरोकारवालासंगको समन्वय र सहयोगमा स्थानहरुको संभाव्यता अध्ययन गरी सम्भव स्थानहरुमा कार्यान्वयन गर्दै लैजाने ।

(५) नगरपालिका क्षेत्र भित्र निर्माण गरिने अव्यवस्थित ढल सञ्जाललाई व्यवस्थित गर्न नगरको एउटा एकिकृत ढल सञ्जाल गुरु योजना (Integrated Sewerage Network Master Plan) तयार गर्ने ।

(६) नदी प्रदुषणलाई नियन्त्रण गर्न ढलबाट सोझै खोलामा बिर्सजन गरिने फोहर पानीलाई काठमाण्डौ उपत्यका विकास प्राधिकरण, काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड ढल सुधार आयोजना,अन्य दातृ निकाय,संस्था,स्थानीय उपभोक्ता र नगरपालिकाको संयुक्त प्रयासमा खोला नदीको किनारमा प्यारालल ढल निर्माण गरी उपयुक्त जग्गा स्थानको व्यवस्था गरी Waste Water Treatment Plant स्थापना गरी फोहर पानी प्रशोधन गरी खोलामा सफा पानी बिर्सजन गर्ने व्यवस्था मिलाउने ।

(७) नगरपालिकाको आत्मनिर्भरतालाई अभिबृद्धि गर्न नगरपालिकाबाट उठाउने कर राजस्व सेवाशुल्क दस्तुरका दरहरुमा आवश्यक हेरफेर परिमार्जन संशोधन गरी लागु गर्ने र करको दायरामा नआएका करदातालाई बिशेष छुट दिई करको दायरामा ल्याई आन्तरिक राजस्व परिचालन कार्यलाई विशेष जोड दिने ।

(८) नगर क्षेत्र भित्र रहेका सार्वजनिक सरकारी पर्ति जग्गाहरुको अध्ययन पहिचान गरी लगत संकलन अभिलेखीकरण र संरक्षण गरी उक्त जग्गाहरुमा एउटा गुरु योजना बनाई बृक्षारोपण, भुसंरक्षण, पार्क तथा ग्रिनवेल्ट निर्माण तथा अन्य आवश्यकीय भौतिक पुर्वाधारहरुको विकास गरी सार्वजनिक हितमा प्रयोग गर्ने ।

(९) उपभोक्ता समितिबाट नगर क्षेत्रमा सञ्चालन हुने योजना कार्यक्रमलाई व्यवस्थित रुपमा निश्चित लागत सहभागिता कायम गरी कार्यान्वयन गर्न उपभोक्ता समिति सञ्चालन निर्देशिकाको व्यवस्था कार्यान्वयनमाल्याउने ।

(१०) स्वदेशी तथा विदेश स्थित विभिन्न नगरपालिकाहरुसंग भगिनी सम्वन्ध (Sister Relationship)स्थापना गर्न आवश्यक पहल गर्ने ।

(११) नगरपालिकाको संस्थागत संरचना अध्ययन प्रतिवेदनले सिफारिस गरे अनुसार संस्थागत सुदृढीकरण तथा जनशक्तिको क्षमता विकासमा जोड दिने ।

(१२) नगरपालिकाको नगर स्तरीय पार्श्व चित्र Profile संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सहयोग, यूनिसेफ तथा नगरपालिका संघ समेतको सहकार्यमा तयार/अद्यावधिक गर्ने ।

(१३) सामाजिक परिचालनमा बिशेष जोड दिई नगरको भौतिक पूर्वाधार,सामाजिक सांस्कृतिक तथा आर्थिक विकासमा जन शक्ति परिचालन तथा लागत सहभागिता प्राप्त गर्ने ।

(१४) नगरको फोहरमैलाको उचित व्यवस्थापन,सरसफाईमा जोड दिई सडकको दायाँवायाँ तथा खाली जग्गामा बृक्षारोपण, पार्क, ग्रिनवेल्ट निर्माण तथा हरियाली प्रर्वद्धनगरी नगरलाई वातावरण मैत्री शहरको रुपमा विकास गर्ने ।

(१५) आर्थिक तथा सामाजिक विकासका दृष्टिले पछाडि परेका विपन्न दलित नागरिकलाई स्वास्थ्य उपचार सेवामा सहयोग एवं पहुच पुऱ्याउने उद्देश्यले दलित परिवारका जेष्ठ नागरिक र एकल विधवा महिलालाई स्वास्थ्य विमा वापत कोरिया नेपाल मैत्री अस्पतालमा तिर्नुपर्ने बिमा सदस्यता शुल्क नगरपालिकाबाट तिर्ने व्यवस्था मिलाई निजहरुलाई स्वस्थ्य उपचार लिने कार्यमा पहुच अभिबृध्दि गर्ने ।

(१६) मध्यपुर थिमि नगरपालिका क्षेत्रका ऐतिहासिक तथा सांस्कृतिक सम्पदा रहेका स्थानहरु र मूख्य सडक चोकमा स्थानीय उपभोक्ताको लागत सहभागिता र अन्य सरोकारवाला निकाय संगको

सहकार्यमा सञ्चालन भई रहेको "**मध्यपुर उज्यालो कार्यक्रम"** नामक कार्यक्रमलाई निरन्तरता दिई उक्त स्थानहरुमा सोलार बत्ती जडान गरी नगरलाई उज्यालो पार्ने प्रयास गरिनेछ ।

(१७) ऐतिहासिक धार्मिक, सांस्कृतिक तथा पर्यटकिय महत्वका स्थान, कला, संस्कृति, जात्रा, सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र विकासका लागि विशेष जोड दिइने छ ।

## VI. अनुभव गरिएका प्रमुख समस्या र चुनौतिहरु

१. फोहरमैला व्यवस्थापनका लागि ढुवानी साधन,ट्रान्सफर स्टेशन र ल्याण्डफिलसाईटको अभाव ।

२. अव्यवस्थित तिव्र शहरीकरण ।

३. मनोहरा क्षेत्रमा सुकुम्वासी बस्ती व्यवस्थापन ।

४. पुराना बस्तीमा शहरी विकास अवधारणा अनुरुप कार्य गर्न कठिनाई ।

५. नगरपालिका भित्रका सुरक्षित क्षेत्रमा न.पा.को स्वीकृत बिना घर निर्माण कार्यमा तिव्रता र ती घरको व्यवस्थापनमा कठिनाई ।

६. पुराना बस्तीहरुमा भुकम्प पछिको पुनर निर्माण कार्य हुन नसक्नु ।

७. आर्थिक श्रोतमा कमी ।

८. भु- उपयोग नक्शाको (Land use plan) को प्रभावकारी कार्यान्वयन हुन नसक्नु ।

९. ढल व्यवस्थापन ।

१०. कार्यालय भवनको अपर्याप्तता ।

११. अधुरा योजना र पुरानो पेश्की वेरुजुको परिमाण अधिक रहेको ।

१२. नीजि स्तरबाट भएका अनियमित जग्गा प्लटिङ्ग कार्यको रोकथाममा कठिनाई ।

## VII. समाधानका लागि चाल्नु पर्ने कदमहरु

१. फोहरमैला व्यवस्थापनका लागि अन्य नगरपालिकाहरुसंग समन्वय, नीजि क्षेत्र परिचालन, सार्वजनिक नीजि साझेदारी कार्यक्रम सञ्चालन र पुर्वाधार तथा जनशक्ती व्यवस्था ।

२. भु-उपयोग नीति अवलम्वन गरि कार्यान्वयन गर्नु पर्ने ।

३. नगरको सडक तथा ढल सञ्जाल गुरुयोजनाको तयारी कार्य ।

४. व्यवस्थित जग्गा विकास आयोजनाहरुको सञ्चालन ।

५. भवन आचार सँहितालाई कडाईका साथ कार्यान्वयन गर्नु पर्ने ।

६. स्वबासी क्षेत्रको घर जग्गा नाप नक्सा गरि जग्गा धनी पुर्जा वितरण कार्य गर्नु पर्ने ।

७. कार्यालय भवनको लागि आवश्यक जग्गा पहिचान गरि भवन निर्माण गर्नु पर्ने ।


८. अधुरा योजना तथा पुराने पेश्की फछ्र्यौटका लागि कार्यदल बनाई कार्य गर्नु पर्ने ।

९. राजश्व संकलन तथा परिचालन कार्यमा तिव्रता दिनु पर्ने ।

१०. भुकम्पबाट क्षति भएका नीजि आवास तथा सार्वजनिक सम्पदाहरुको लगत अद्यावधिक गरि पुनर निर्माण कार्य सुरु गर्नु पर्ने ।

११. नीजि क्षेत्रवाट गरिने जग्गा प्लटिङ्गलाई कानूनी दायरामा ल्याई अनुमति तथा स्वीकृति दिने कार्य ।

## VIII. संगठन तालिका



## १. पृष्ठभुमी :

मध्यमाञ्चल विकास क्षेत्र अर्न्तगत पर्ने बागमती अञ्चल भित्र रहेको भक्तपुर जिल्लामा अवस्थित मध्यपुर थिमि नगरपालिकाको गठन वि.स. २०५३ चैत्र १४ गते तत्कालिन बोडे, नगदेश, चपाचो, बालकुमाारी र दिव्यश्वरी गा.वि.स.हरुलाई गाभी भएको हो । यस नगरको पूर्वमा भक्तपुर र चागुनारायण नगरपालिका, पश्चिममा काठमाडौ महानगरपालिकाको सिनामंगल, उत्तरमा कागेश्वरी मनोहरा नगरपालिका र दक्षिणमा अनन्तलिङ्गेश्वर र सुर्यबिनायक नगरपालिका पर्दछन् । विश्व मान चित्रमा यो नगरपालिका २७°४०' देखि २७°४२' उत्तरी अक्षांशसम्म र ८१°२२'३०" पूर्व देखि ८५°२५'०" देशान्तरसम्म फैलिएर रहेको यस नगरपालिकाको २०६८ सालको जनगणना अनुसार महिला ४०३१३ र पुरुष ४२७२३ गरि कुल जनसंख्या ८३०३६ रहेकोमा हाल करिव ९०,००० जनसंख्या पुगेको अनुमान गरिएको छ । १७ वटा वडामा विभाजित रहेको मध्यपुर थिमि नगरपालिकाको क्षेत्रफल ११.४७ वर्ग कि.मि. रहेको छ ।समुन्द्री सतहवाट १३२६ मिटरको उचाईमा अवस्थित यस नगरपालिकाले जिल्लाको कूल भूभागको (११९ वर्ग कि.मि.) ९.६ प्रतिशत भूभाग ओगटेको छ । यो शहर ऐतिहासिक, कला, संस्कृति र शिल्पकारिताका कारण विश्वप्रसिद्ध रहेको छ । नगरपालिकाको कूल क्षेत्रफल ११४७ हेक्टर मध्ये करीव ८०२ हेक्टर जमीन खेतीयोग्य रहेको भएता पनि हाल आएर वस्ती विस्तारका लागि भएको जग्गा एकीकरण आयोजनाका कारण यसको अवस्थामा परिवर्तन भएको देखिन्छ । त्यसैगरि वन जंगलले ओगटेको जमिन ३४.३ हेक्टर रहेको छ भने वसोवास क्षेत्रमा १३८ हेक्टर र अन्यमा १७२.७ हेक्टर रहेको छ । यस नगरपालिकामा खेतीयोग्य जमिन मध्ये सिंचाई सुविधा भएको भूभाग करीव ६० प्रतिशत रहेको छ । समशितोष्ण खालको हावापानी भएको यस नगरपालिकामा औसत तापक्रम न्यूनतम १ डिग्री सेल्सीयस देखि ३५ डिग्री सेल्सीयस सम्म रहेको पाइन्छ भने नगरपालिकाको औसत वर्षा १२३.१ मिलिमिटर रहेको पाइन्छ । चैत्र महिना देखि असोजको प्रारम्भसम्म केही गर्मी, असोज देखि फागुन सम्म धेरै जाडो हुने यस नगरपालिकाको हावापानी उपत्यकाको हावापानीसंग मेल खाने गरेको पाइन्छ ।

मध्यपुर थिमि नगरपालिकामा वग्ने मूख्य नदीहरुमा मनोहरा र हनुमन्ते रहेका छन । यी नदीहरुको वहाव वर्षा याममा मात्र बढी हुने र अरु समयमा पानीको मात्रा ज्यादै कम हुने गरेको पाइन्छ । मनोहरा नदी महादेव पोखरी डाँडाको उत्तरी भागवाट निस्केर काठमाडौ, भक्तपुर जिल्लाको सिमाना हुदै वग्ने गर्दछ । जुन मध्यपुर थिमि नगरपालिकाको सिमाना भएर वगेको छ । यो नदी हनुमन्ते नदीमा पुगेर मिल्दछ र पछि बाग्मती नदीमा मिसिन्छ । यसले काठमाडौ, भक्तपुर र मध्यपुर थिमि नगरपालिकाका क्षेत्रमा सिंचाई सुविधा पुऱ्याउनुका साथै जल प्रवाह गर्दछ । हनुमन्ते नदी महादेव पोखरी डाँडावाट वगेर नगरकोट डाँडा र वागेश्वरी डाँडाको विच भागवाट पश्चिम तर्फ बग्दै भक्तपुरको दक्षिणी भाग हुदै मध्यपुर थिमि नगरपालिकाको दक्षिणी सिमाना भै बग्ने गरेको छ । यस नदीले पनि वगर क्षेत्रमा सिंचाई सुविधा प्रदान गर्दै जल प्रवाह गरि रहेको छ । यस नगरपालिका क्षेत्रमा ऐतिहासिक, धार्मिक तथा पर्यटकिय स्थलहरु रहेका छन् । यस नगरक्षेत्रको संस्कृति, कला, र परम्परागत भेषभुषा आदि पर्यटकका आकर्षक हुन सक्दछन भने पर्यटनका पूर्वाधारहरुको विकास गर्न सकिएमा भविष्यमा पर्यटकबाट आम्दानी समेत गर्न सकिने छ ।यस नगरपालिकामा रहेको मुख्य धार्मिक तथा ऐतिहासिक स्थलहरुमा निलबाराही, महालक्ष्मी मन्दिर, बालकुमारी मन्दिर, सिद्धिगणेश मन्दिर र द्योक्षे, सिद्धिकाली मन्दिर, भैरव मन्दिर, बिष्णुवीर, पाटी बिहार, चपाचो विश्वविनायक, दिव्यश्वरी मन्दिर, शंखधर साख्वाचोक आदि रहेका छन् । शैक्षिक गन्तव्य स्थलको रुपमा विकसित हुँदै आईरहेको यस नगरपालिकाको साक्षरता प्रतिशत ९८% रहेको छ । नेवारहरुको वाहुल्यता रहेका यस नगरमा भने क्षेत्री, बाहुन, राई, मगर, दमाई, सार्की र अरुहरुको पनि यहाा वसोवास रहि आएको छ । पेशागत रुपले भन्नु

पर्दा मध्यपुर थिमिलाई श्रृजना र शिल्पीहरुको शहर भन्दा अत्युक्ति हादैन । यहााका अधिकांश जनता कृषि पेशामा संलग्न छन्, यसकारण मौसम अनुसारका हरियो तरकारी र धानबालीका लहलहाउादा बालाहरुले यहााको सौन्दर्यमा रौनक त थपिरहेकै हुन्छ, ठाउाठाउामा सुकाउन राखिएका विभिन्न आकार प्रकारका माटाका भाांडाकुडाहरुले पनि आगन्तुकहरुलाई छुट्टै आनन्द दिइरहेको हुन्छ । आफ्नो श्रम र श्रृजनाका लागि प्रसिद्ध यो क्षेत्रले काठमाण्डौ उपत्यकालाई चाहिने हरियो तरकारीको एउटा उल्लेख्य भागको मात्र आपूर्ति गर्दैन, माटाका विभिन्न घरेलु उपयोग र सजावटका सामानहरुको समेत नियमित आपूर्ति गर्दै आएको छ । हरित तरकारीको बगैचाको रुपमा परिचित यस नगरपालिकामा हरियो साग सब्जीका अतिरिक्त प्रमुख बालिहरुमा धान, मकै, गहुँ, आलु हुन् । यस नगरमा मनाईने जात्राहरुमा विस्केट जात्रा,जिव्रो छेडने जात्रा, गाईजात्रा, ईन्द्रजात्रा र पुलुकिसि जात्रा प्रमुख जात्रा हुन् भने महाकाली नाच,भैरब नाच, निलबाराही गण नाच, ईन्द्र अपसरा नाच, हनुमान नाच, अष्टमात्रिका नाच आदी प्रमुख नाचहरु हुन । यस नगरपालिका खुला दिशामुक्त र पुर्ण साक्षर नगरपालिका घोषणा भइसेकेको र चालु आ.ब.मा पुर्ण खोप नगरपालिका घोषणा गर्न अन्तिम चरणको कार्य भईरहेको छ ।

## २. नगरपालिकामा सेवा प्रवाहको अवस्था :

मध्यपुर थिमि नगरपालिकाले नगर क्षेत्रमा क्रियाशिल विषयगत कार्यालयहरुसंग नियमित समन्वय र सहकार्य गरि कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ । खानेपानी,सरसफाई,स्वास्थ्य,शिक्षा, कृषि,विद्युत,टेलिफोन,सडक,महिला तथा बालबालिका लगाएतका क्षेत्रमा कार्यहरु भई रहेको भएता पनि नगरपालिका बार्षिक समिक्षा र सार्वजनिक सुनुवाई कार्यक्रममा नगरबासीहरुले विषयगत कार्यालयहरुले उपलव्ध गर्ने सेवा सुविधा, न.पा.वाट गरिएको समन्वयमा देखिएको कमि कमजोरीका बारेमा थुप्रै जिज्ञाशा तथा प्रतिकृयाहरु आएका थिए । विषयगत कार्यालयहरुको आफ्नो छुटै बजेट,नीति तथा कार्यक्रमहरु हुने र सो नीति तथा कार्यक्रमहरुलाई न.पा.को स्वीकृत नीति,योजना,बजेट तथा कार्यक्रममा एकतृत गरि सञ्चालन गर्न नसक्दा नगरबासीको गुनासो बढेको देखिन्छ । नगरपालिकाले गत आ.व. को स्वीकृत नीति योजना, कार्यक्रम तथा बजेटमा भूकम्पवाट पिडितहरुको लागि लक्षित गरि घरजग्गा कर तथा मालपोत मिन्हा, घर नक्शा निर्माण शुल्कमा ७५ प्रतिशत छुट, ढल सेवा शूल्कमा ५० प्रतिशत छुट दिने व्यवस्था गरिएको थियो । साथै सम्पुर्ण भुकम्प पिडितहरुलाई परिचय पत्र समेत वितरण गरिएको थियो । स्वीकृत कार्यक्रमका अलावा भुकम्प पिडितहरुलाई नेपाल सरकारले उपलव्ध गरिएको तत्काल राहत रकम र न्यानो कपडा बापतको रकम १६९९ जनालाई वितरण गर्नुका साथै विभिन्न संघ संस्थाहरुसंग समन्वय गरि अस्थायी टहरा निर्माण, शौचालय निर्माण, खानेपानीको सुद्धिकरण कार्य, सरसफाई आदी सम्वन्धि कार्यक्रमहरु पनि सञ्चालन गरिएको थियो । सोलार बत्ति जडान कार्य,सार्वजनिक जग्गा संरक्षण,पार्क निर्माण, विद्युतिय नागरिक वडा पत्रको जडान, पुर्ण खोप नगरपालिका घोषणाका लागि आधार तयार जस्ता कार्य यस न.पा.ले गत आ.ब.०७२/०७३ मा सम्पन्न गरेका उपलव्धीमुलक तथा उल्लेखनिय कार्यहरु हुन । यस नगरपालिका क्षेत्र भित्र भुकम्पवाट क्षति भएका घरहरुको विवरण,परिचय पत्र वितरण तथा राहत रकम वितरणको विवरण तपसिल बमोजिमका छन् ।

| वडा नं. | मृतक संख्या | पुर्ण क्षति | आँशिक क्षति | सामान्य क्षति | छुट निवेदन दिएका | रातो परिचय पत्र प्राप्त गर्ने | पहेलो परिचय पत्र प्राप्त गर्ने | रु१५०००लिने | रु१००००लिने |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ७९ | १०० | ६६ | १ | ६८ | २५ | ५३ | ४९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | | ५७ | १०१ | ४४ | १ | ५८ | १९ | ४४ | ४४ |
| ३ | ५ | ३१२ | ११२ | ५४ | २३ | २८६ | २१ | २५८ | २५६ |
| ४ | १ | ७५ | ८१ | २२ | - | ६८ | ३७ | ६२ | ६१ |
| ५ | १ | ९० | ७४ | ८६ | - | ८६ | ३८ | ८२ | ८२ |
| ६ | | १०४ | ५९ | २२ | - | १०५ | ३१ | १०४ | १०३ |
| ७ | | ९१ | ११७ | ३४ | १ | ८५ | ५५ | ६६ | ६९ |
| ८ | १ | १६० | २४१ | २१८ | - | १४२ | १११ | १३१ | १२९ |
| ९ | | १८६ | १२४ | २९ | १ | १५२ | ५८ | १४९ | १४७ |
| १० | | १२९ | २११ | ११८ | १ | ११६ | १४९ | १०६ | १०९ |
| ११ | | ११९ | १५९ | ६७ | - | १११ | १०४ | १०५ | १०४ |
| १२ | १ | ११७ | १४९ | ९४ | १ | ११७ | ७५ | १०५ | १०७ |
| १३ | २ | २०० | १३५ | १३५ | - | १५९ | ८६ | १५२ | १४८ |
| १४ | ३ | १८४ | ६३ | ३५ | - | १६२ | ४२ | १४८ | १४६ |
| १५ | २ | ६१ | १५७ | ३४० | - | ५३ | ४५ | ४६ | ४६ |
| १६ | २ | ९९ | ९६ | ९४ | - | ८० | १९ | ४९ | ४९ |
| १७ | | ६० | ६२ | ८८ | १ | ४६ | २६ | ३९ | ४२ |
| **जम्मा** | **१९** | **२१२३** | **२०४१** | **१५४६** | **३०** | **१८९४** | **९४१** | **१६९९** | **१६९१** |

**३. स्थानीय निकायमा सेवा प्रवाहको अवस्था :**

गत आ.व.०७२/०७३ का लागि कुल अनुमानित बजेट रु २९,७६,५०,०००।-को स्वीकृती भएकोमा यथार्थमा रु ३३,५०,७९१४६.७७ आय संकलन भएको र संकलित आयवाट स्वीकृत नीति,योजना तथा कार्यक्रम अनुसार १६७ वटा योजना सञ्चालन भएको थियो । गत आ.ब. ०७२/०७३ मा कुल यथार्थ खर्च चालु तर्फ ५,८१,१८८१२.२२ र पुँजिगत तर्फ १६,५४,३५२२६.४१ गरि जम्मा रु २२,३५,५४०३८.६३ खर्च भएको थियो । यस नगरपालिकामा १७ वडामा ८ जना वडा सचिवको व्यवस्था गरि वडाबासीको माग बमोजिमको सेवा प्रवाह भै रहेको छ । गत आ.व.मा यस नगरपालिकाबाट पूर्वाधार विकास तर्फ १६७ वटा र लक्षित कार्यक्रम तर्फ ३८ वटा गरी जम्मा २०५ वटा योजना तथा कार्यक्रमहरु संचालन एवँ सम्पन्न भएका थिए । नगरपालिकामा योजना छनौट तथा कार्यान्वयन गर्दा समावेशी एवँ सहभागितामुलक तरिकाले उपभोक्ता समिति मार्फत गर्ने प्राथमिकता

निर्धारण गरिएको छ र उपभोक्ता समिति मार्फत नहुने र मेशिनरी औजार तथा साधनहरु बढी प्रयोग गर्नु पर्ने प्रकृतिको योजना मात्र ठेक्का सम्झौता मार्फत सम्पन्न गर्ने गरेको छ । साथै कार्यक्रम तर्फ लक्षित समुहलाई केन्द्रित गरि विभिन्न संघ संस्थाहरुसंग समन्वय र साझेदारीमा कार्यक्रमहरु सञ्चालन तथा सम्पन्न गर्ने गरिएको छ । सञ्चालित योजना तथा कार्यक्रममा नियमित अनुगमन र सार्वजनिक परिक्षण कार्यलाई अनिवार्यता गरिएको छ । योजना तथा कार्यक्रममा बढी भन्दा बढी नगरबासीको सहभागिता र पारदर्शिताका लागि सामाजिक परिचालन अन्तर्गत गठित वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र र टोल विकास संस्थालाई परिचालन गरिएको छ ।

गत आ.ब.मा नगरपालिकाको स्वीकृत कर्मचारी दरवन्दी ११८ जना भएता पनि न.पा.मा ५३ जना स्थायी र १० जना सेवा करार गरि ६३ जना कर्मचारीहरु कार्यरत छन् । यस्तै गरि नगरको नियमित सरसफाई तथा वातावरण सुधारका लागि स्वीकृत अस्थायी दरवन्दीमा २० जना कुचीकारहरु कार्यरत छन् ।

### ४. सुशासन स्थापनाका लागि भएका सकारात्मक प्रयासहरु :

नगरपालिकावाट उपलब्ध हुने सेवा सुविधा र सञ्चालन गरिने कार्यक्रम तथा योजनाहरुमा सुशासन अभिवृद्धिका लागि मध्यपुर थिमि नगरपालिकाले समावेशी एवँ सहभागितामुलक योजना तर्जुमा प्रकृया अवलवम्वन गरि प्रत्येक वडामा सार्वजनिक सुचना टाँस एवँ प्रचार प्रसार गरि वडा भेलाको आयोजना गरेर वडाबासीको माग बमोजिमको योजना तथा कार्यक्रमहरु संकलन गरि सम्वन्धित वडा नागरिक मञ्चमा छलफल पश्चात प्राथमिकिरण गरि आएका योजना तथा कार्यक्रमहरुलाई एकीकृत योजना तर्जुमा समिति,राजनैतिक दलहरुको वैठक र न.पा. बोर्ड बैठकमा छलफल गरि स्थानीय माग बमोजिम योजना तथा कार्यक्रमहरु नगर परिषदवाट स्वीकृत गरि स्थानीय समुदायकै सहभागिता,समन्वय र सहकार्यमा कार्यान्वयन गर्ने गर्छ । योजना तथा कार्यक्रम कार्यान्वयन हुंदा स्थानीय समुदाय,वडा नागरिक मञ्चको सहभागितामा नियमित अनुगमन,सार्वजनिक परिक्षण जस्ता कार्यहरु निरन्तर सञ्चालन गरिन्छ । नगरपालिकाको आम्दानी तथा खर्चहरु र योजना तथा कार्यक्रमहरुको स्थानीय पत्र पत्रिका तथा सूचना पाटीमा प्रकाशन गर्ने, नगरपालिकाले भक्तपुर एफ एम.मा सञ्चालन गरि रहेको मध्यपुर थिमि हाम्रो सम्पति नामक कार्यक्रममा प्रशारण गर्ने तथा सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत सार्वजनिक गर्ने गरिएको छ । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत लाभग्राहीहरुका लागि सामाजिक सुरक्षा भत्ता नियमित रुपमा वार्षिक ३ पटक गरेर राष्ट्रिय बाणिज्य बैक थिमि शाखावाट वितरण गर्ने व्यवस्था न.पा.ले मिलाएको छ । यसमा कोही नछुटुन र कोही दोहोरिउन भन्ने नीति कडाइका साथ अबलम्बन गरिएको छ । सामाजिक परिचालन कार्यक्रम कार्यान्वयनका लागि नियुक्त भएको स्थानीय सेवा प्रदायबाट नियमित प्रतिवेदन प्राप्त भै रहेको र ती संस्थाको कामको पनि नियमित अनुगमन गर्ने गरिएको छ । नगरपालिकावाट उपलब्ध गर्ने सेवा सुविधाहरुमा पारदर्शिता कायम गरि सेवा सुविधामा आम नगरबासीको सहज पहुँच अभिवृद्धि गरि सुशासन कायम गराउन न.पा.ले विद्युतिय नागरिक बडा पत्र राखिएको र वेव साईटको समेत सञ्चालन तथा अद्यावधिक कार्य गरि रहेको छ । नगरपालिकावाट सञ्चालन एवँ सम्पन्न गरेका योजना तथा कार्यक्रमहरुको माथिल्लो निकाय जिल्ला प्रशासन कार्यालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट समय समयमा अनुगमन समेत भएको थियो । नगरपालिकाले विभिन्न संघ संस्थाहरुसंग समन्वय गरि स्थानिय सेवा प्रदायक संस्थाका संयोजक, सामाजिक परिचालकहरु, वडा नागरिक मञ्चका संयोजकहरु, नागरिक सचेतना केन्द्रका सदस्यहरु,उपभोक्ता समितिको पदाधिकारीहरुलाई लक्षित गरि सार्वजनिक परिक्षण सम्बन्धि क्षमता अभिबृद्धि तालिम, नागरिक अधिकार

युक्त सेवा सम्बन्धि तालिम, सूचनाको हक सम्वन्धि तालिम, योजना कार्यान्वयन सम्वन्धि तालिम लगाएतका तालिमहरु समेत सञ्चालन गरिएको थियो ।

# परिच्छेद दुई

# नगरपालिकाको कार्य सम्पादनको अवस्था

**१.नगरपालिकाको कार्यसञ्चालन तथा सम्पादनको अवस्था :**

नगरपालिकाका कर्मचारीहरुले निर्वाचित जनप्रतिनिधि विहीनताको अवस्थाले गर्दा कर्मचारीका हैसियतले गर्ने कार्यका अतिरिक्त जन प्रतिनिधीहरुले गरिने कार्यहरु समेत निर्वाह गरि नगरबासीहरुलाई बढी भन्दा बढी सेवा प्रवाह गर्ने प्रयास गरि रहेको छ । न.पा.का कर्मचारीहरुले प्रवाह गरिने सेवा सुविधाका सम्वन्धमा विभिन्न माथिल्लो निकाय र आम नगरबासीले प्रत्यक्ष रुपमा अनुगमन गरि रहने भएको हुंदा ऐन नियमले निर्दिष्ट गरेका मापदण्ड पालनामा कुनै कमी कमजोरी नहुने गरि कर्मचारीहरुबाट सेवा प्रवाह गरि रहेको छ । न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको व्यवस्थाले पनि स्थानीय निकायहरुले आफ्नो काम कारवाही ऐन कानूनले निर्दिष्ट गरेको परिधिभित्र रहेर मात्र गर्न बाध्य भएको भन्न सकिन्छ । सामाजिक परिचालन कार्यक्रम मार्फत गठन भएको वडा नागरिक मञ्चहरुको क्रियाशीलताले स्थानीय निकायको योजना तर्जुमा कार्य प्रक्रियागत ढंगले अघि बढेको छ । योजना तर्जुमाका सबै चरणहरु विधिवत रुपमा पूरा गर्दै वार्षिक योजना तथा कार्यक्रम तर्जुमा हुने गरेको छ । यसैगरी स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा व्यवस्था भए बमोजिम नगर स्तरीय सुपरिवेक्षण तथा अनुगमन समिति गठन भई अनुगमनमा क्रियाशील रहेको अवस्था छ । सुपरीवेक्षण तथा अनुगमन समितिले आवश्यकता अनुसार बैठक राखि स्थानीय स्तरमा गरिने अनुगमन कार्यलाइ नियमित गरेको छ ।

**२.योजना निर्माण प्रक्रियामा जनसहभागिता :**

नगरपालिकाले समावेशी तथा सहभागीतामुलक योजना तर्जुमा प्रकृया अन्तर्गत व्यापक जन सहभागिता हुने गरि स्थानीय निकायको योजना तर्जुमा विधि अनूरुप नै विभिन्न चरणमा गरि नीति योजना,बजेट तथा कार्यक्रम हरेक बर्षको पुष मसान्त भित्र नगर परिषद मार्फत स्वीकृत गर्ने गरिएको छ । वडा भेलावाट आएका योजना तथा कार्यक्रमहरुलाई वडा नागरिक मञ्चले प्राथमिकीकरण गरि पठाएका योजना तथा कार्यक्रमहरुलाई नै नगर परिषदले स्वीकृत गर्ने गरेको छ । यस नगरपालिकामा विगत ६ वर्षदेखि नै स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गतको सामाजिक परिचालन कार्यक्रम लागू भई प्रत्येक वडामा वडा नागरिक मञ्च गठन भै सक्रिय रहेकाले योजना तर्जुमा प्रक्रियामा वडा नागरिक मञ्च र सामाजिक परिचालकहरुको अहम भूमिका  रहँदै आएको छ । गत आ.ब.को मंसिरमा भएको वडा भेलावाट माग भएका योजना तथा कार्यक्रमहरु मध्ये वडा नागरिक मञ्चले सिफारिस एवँ प्राथमिकीकरण गरि पठाएका योजनाहरुलाई पुषमा सम्पन्न परिषले स्वीकृत गरिएका योजनाहरु तपसिल बमोजिमको रहेको छ ।

| वनामले सिफारिस गरेका योजना संख्या | वनामले सिफारिस गरेका मध्ये नगर स्तरीय एकिकृत योजना तर्जुमा समितिले प्राथमिकिकरण गरेका योजना संख्या | एकिकृत योजना तर्जुमा समितिले प्राथमिकिकरणगरेका योजना मध्येबाट नगर परिषद्ले स्विकृत गरेको संख्या |
|---|---|---|
| क) सिफारिस भई आएका योजना संख्या : १४४ | ११४ | ११४ |

| | | |
|---|---|---|
| ख) छनौट भई आएका लक्षित बर्गको योजना तथा कार्यक्रम ७३ | ५३ | ५३ |
| **जम्मा संख्या : २१७ वटा** | **१६७ वटा** | **१६७ वटा** |

## ३.वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको सक्रियता :

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गतको सामाजिक परिचालन कार्यक्रम सञ्चालनका लागि स्थानीय सेवा प्रदायक संस्था छनौट गरि नगर क्षेत्रका सवै वडाहरुमा वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको गठन तथा परिचालन कार्य भई रहेको छ । नगर क्षेत्रका १७ वटा वडाहरुलाई दुई वटा सेवा प्रदायक संस्थाहरु  लाई क्रमश वडा नं. १ देखि ९ सम्म युवा क्रियाकलाप समाज र वडा नं. १० देखि १७ सम्म रुपान्तर नेपाललाई सामाजिक परिचालनको कार्यक्रम सञ्चालन गर्न छनौट गरिएको छ । हाल यस नगरपालिका क्षेत्रमा १७ वटा वडा नागरिक मञ्च र १७ वटा नागरिक सचेतना केन्द्र गठन भएको छ । नगरपालिकाको नीति,योजना,बजेट तथा कार्यक्रमहरुको तर्जुमा गर्न समावेशी एवँ सहभागितामुलक योजना तर्जुमा कार्य अन्तर्गत हुने वडा भेलाहरुमा वडा नागरिक मञ्चले योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता गर्दै आईरहेको छ । वडा भेलावाट छनौट भएका योजना तथा कार्यक्रमलाई प्राथमिकिकरण गरि न.पा.वाट उपलब्ध गरिएको बजेट सिलिङ्ग भित्र रहि योजना छनौट गरि न.पा.मा पठाउने कार्यमा समेत वडा नागरिक मञ्चको सक्रिय सहभागिता रहेको छ भने स्वीकृत योजना कार्यान्वयनका लागि उपभोक्ता समिति गठन, योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन र सामाजिक परिक्षण, सार्वजनिक परिक्षण,सार्वजनिक सुनुवाई लगाएतका कार्यमा समेत प्रत्यक्ष रुपमा सहभागी हुंदै आएका छन । यस देखि बाहेक सचेतना केन्द्रका सदस्यहरु जिविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत सीपमूलक तालिम लिई आत्मनिर्भर बन्ने तर्फ उन्मुख रहेको देखिन्छ । सचेतना केन्द्रको परिपक्कता मापनमा १७ मध्ये ३ वटा सचेतना केन्द्रहरु परिपक्क भएको देखियो । वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको सक्रियताले स्थानीय निकायबाट गलत काम हुन छाडेका दृष्टान्तहरु प्रसस्त पाइए । जस्तै लक्षित वर्गको बजेट विनियोजन गर्दा सम्बन्धित वर्गसँगको छलफलबाट मात्र हुने गरेको अभ्यास पाइन्छ । यसै गरी योजना कार्यान्वयनमा पनि कुनै कमि कमजोरी देखिए वडा नागरिक मञ्च र सचेतना केन्द्रबाट खबरदारी गराउने जस्ता क्रियाकलापहरु पनि भएको देखिन्छ ।

## ५. उपभोक्ता समितिको अवस्था :

नगरपालिकाको स्वीकृत नीति,योजना तथा कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि स्थानीय स्वायत शासन ऐन २०५५ र नियमावली २०५६ तथा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ अनुसार नै हुने गरि नगरपालिकाले योजना,आयोजना तथा कार्यक्रमहरुको बारेमा आम नगरबासीलाई बजेट पुस्तिका वितरण,स्थानीय पत्र पत्रिकामा सूचना प्रकाशन तथा सम्वन्धित वडाबासीमा पूर्व सूचना जारी गरि सम्बन्धित योजना तथा आयोजनाका लाभग्राहीहरुमध्येबाट सम्वन्धित वडाको वडा सचिव वा सामाजिक परिचालकको उपस्थितिमा नगरपालिकाले उपभोक्ता समिति गठन गर्ने गरिन्छ । उपभोक्ता समितिको गठन गर्दा कार्यविधिले तोके बमोजिम कम्तिमा ३३ प्रतिशत महिला अनिवार्य गरिएको छ । यस पश्चात उपभोक्ता समितिका पदाधिकारीहरुलाई आयोजना संचालन सम्बन्धी अभिमूखीकरण दिने गरेको जसले गर्दा उनीहरुलाई नीति नियम पालन सम्बन्धी जानकारी हुने गरेको । स्वीकृती योजनाहरुको कार्यान्वयनका लागि पहिलो प्राथमिकता उपभोक्ता समिति मार्फत नै गर्ने गराउने गरिएको र उपभोक्ता समिति मार्फत सञ्चालन तथा सम्पन्न गर्न नसकिने प्रकृतिका योजनाहरुको मात्र ठेक्का मार्फत गर्ने गरिएको छ । आयोजनाको लागत इष्टिमेट पनि सम्भव भए सम्म नेपाली भाषामा उपलब्ध गर्ने गरिएको छ । हरेक योजना

तथा आयोजनामा उपभोक्ताहरुको उपस्थितिमा सार्वजनिक परीक्षण अनिवार्य गरिएको छ । सार्वजनिक परीक्षणको प्रतिवेदन विना अन्तिम किस्ता भुक्तानी नहुने व्यवस्था न.पा.ले लागू गरेको छ ।

**६. लक्षित वर्गको वजेट विनियोजन तथा खर्चको अवस्था :**

मध्यपुर थिमि नगरपालिकाले स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिले तोके बमोजिम लक्षित वर्गका लागि बजेट विनियोजन गर्दै आएको छ । स्थानीय समुदायको माग बमोजिम लक्षित वर्गमा विशेष गरी बढी रकम पूर्वाधार विकासमै खर्च भएको देखिन्छ । यसदेखि बाहेक दलित, आदिवासी, जनजाति, महिला तथा बालबालिकाहरुको क्षमता विकास तथा आय आर्जन कार्यमा खर्च हुने गरेको छ । न.पा.को आ.व. ०७२।७३ को लक्षित वर्गको बजेट निम्न बमोजिम छन् :

| विवरण | सञ्चालित कार्यक्रम/आयोजना संख्या (चालु र पुँजिगत) | विनियोजित रकम (रु हजारमा) | खर्च रकम (रु हजारमा) | लाभान्वित संख्या |
|---|---|---|---|---|
| बालबालिका तर्फ | १९ | ४९०० | ३७७४.६८ | ३५१० |
| महिला तर्फ | १० | ३२०० | २६७४.४२ | ३००० |
| अन्य लक्षित तर्फ | | | | |
| क) अपाङ्गता | २ | ४०० | २४० | १९ |
| ख) आदीबासी जनजाती तथा पिच्छडिएको बर्ग | १७३ | १५०८५३.१७ | ९९५३७.६६ | ८०,००० |
| ग) दलित | ३ | ४०० | १७.४ | ३०० |
| घ) जेष्ठ नागरिक | ३ | ४५० | २९४.५५ | ४४ |
| **कूल** | **२०५** | **१६०२०३** | **१०६५३८.७१** | |

**७. नगरपालिका भित्र विभिन्न समिति, उपसमितिहरुको क्रियाशीलताको अवस्था :**

नगरपालिकामा गठित समितिहरु एकीकृत योजना तर्जुमा समिति, योजना फरफारक तथा अनुगमन समिति , नगर स्तरीय सामाजिक परिचालन समन्वय समिति, बालमैत्री स्थानीय शासन समिति, शहरी स्वास्थ्य केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति, नगरस्तरीय खानेपानी,सरसफाई तथा स्वच्छता समन्वय समिति, बोलपत्र मुल्याँकन समिति,राजश्व परामर्श समिति,पदपूर्ति समिति लगाएत अन्य समितिहरुको  वैठक नियमित रुपमा वस्ने गरेको छ र वैठकको निर्णयवाट नै कार्यक्रमहरु स्थानीय स्तरमा विनियोजन गर्ने गरेको छ । तथापी आजको वदलिदो परिवेश र कार्यक्रमलाई हरेक पक्षवाट सफल र दीगो वनाउनका लागि स्थानीय स्तरमा गठित समितिहरुको क्षमतामा अभिवृद्धि हुने किसिमका कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ । योजना तर्जुमा देखि कार्यक्रम कार्यान्वयनको चरण सम्म र विभिन्न समय समयमा गरिने अनुगमनका चरणहरुमा समेत समितिका पदाधिकारीहरुको संलग्नता रहेको छ । तथापी महिला, वालवालिका, दलित अपाङ्गको कार्यक्रम हरेक चरणमा अर्थपूर्ण सहभागिताको अनिवार्यताको सुनिश्चितता चाहि हुनु पर्ने देखिन्छ ।

# परिच्छेद तीन

## न्युनतम शर्त तथा कार्यसम्पादनको मापनमा स्थानीय निकायः

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत स्थानीय निकायहरुमा प्रत्येक बर्ष मापन गरिँदै आएको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा न.पा.ले न्यूनतम शर्त तथा कार्य सम्पादन मापनले तोकेका मापदण्डहरु आ.ब.२०६५/०६६ र ०६९/०७० को दुई आर्थिक बर्षमा पूरा गर्न नसकेको र बाँकी सबै आ.ब.मा यस न.पा.सम्पुर्ण सुचकहरु पुरा गर्दै आईरहेको छ । आ.ब.२०६६।०६७ को तुलनामा पछिल्ला केहि बर्षको नतिजा कमाजोर हुँदै गएता पनि न.पा.को न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको नतिजा हेर्दा क्रमशः सुधार हुँदै गएको देख्न सकिन्छ । न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको सुधारोन्मुख नतिजा हुनुमा कर्मचारीहरुको लगनशीलता, राजनैतिक दलहरुको सहयोग तथा विषयगत कार्यालयहरुको समन्वय हो भन्न सकिन्छ । न.पा.को विगत देखिको न्यू.श.तथा का.स.मापनको नतिजा यस प्रकार रहेको छ :

| आ.व. | प्राप्त अंक | स्थान |
|---|---|---|
| २०६५/०६६ | ५० | ५० |
| २०६६।६७ | ७२ | १२ |
| २०६७।६८ | ६५ | ३४ |
| २०६८।६९ | ६६ | ४१ |
| २०६९।७० | ५० | ५५ |
| २०७०/७१ | ६९ | २७ |
| २०७१/७२ | ७५ | २० |

## ३.१ नगरपालिकाको कार्यसम्पादनको अवस्था :

नगरपालिकाहरुले उपलव्ध गर्ने सेवा सुविधा र सञ्चालन एवँ सम्पन्न गरेका योजना तथा कार्यक्रमहरुलाई लक्षित गरि मापन गरिने कार्यसम्पादनको अवस्था हेर्दा समग्र रुपमा मध्यपुर थिमि नगरपालिकाको कार्यसम्पादनको स्तर उपलव्ध श्रोत साधन परिचालन गरि सम्पन्न कार्यको आधारमा सन्तोषजनक देखिन्छ । नगरपालिकाले उपलव्ध गर्ने सेवा सुविधाहरुका सम्वन्धमा पारदर्शि बनाउन र आम नगरबासीको सहज पहुँच अभिवृद्धिका लागि न.पा.ले नागरिक वडापत्र नगरपालिका र वडा कार्यालयमा राखिएको छ र गत आ.ब.२०७२।०७३ देखि विद्युतिय नागरिक बडा पत्र समेत न.पा.कार्यालय प्राङ्गणमा राखेको छ । नगरबासीको गुनासो सुन्नका लागि गुनासो सुन्ने अधिकारीको व्यवस्था नगरपालिकामा छ । न.पा.ले समयमा नै सार्वनिक सुनुवाई गर्ने र  सामाजिक परिक्षण गर्ने गरेको छ । न.पा.ले समयमा नै सामाजिक सुरक्षा भत्ता पठाउने, त्यसको सूचना जारी गरि लाभग्राहीको भत्ता राष्ट्रिय बाणिज्य बैक मार्फत वितरण गर्ने गरेको छ । नगरपालिकाले आफ्ना मातहतका गतिधिवीहरुलाई पत्रपत्रिका तथा सूचना मार्फत सार्वजनिक गर्ने, सूचना प्रवाहलाई चुस्त वनाउने काम भएका छन् ।

नगरपालिकाले वडा स्तर वडा भेलाको आयोजना गरि वडा नागरिक मञ्च, नासके, आमा समूह, उपभोक्ता समूहहरु, नागरिक समाज, सामुदायिक संस्था, बिधालय, बालक्लव आदि र वडावासीहरुको सहभीतामा योजनाहरु छनौट गरि स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २१ र वियामावली २०५६ को दफा ६६ (७) अनुसार ना.स.के र व.ना.म. को सिफारिस सहित एकिकृत

योजना तर्जुमा समिति (IPFC)ले नपा मा पेश गरे पछी मात्र नगरपरिषदबाट योजनाहरु स्वीकृत गर्ने गरेको छ ।

बजेट व्यवस्थापन र कार्यान्वयन अन्तर्गत स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ नगरपालिकाको अनुदान संचालन कार्यविधि २०६७ अनुसार बजेट छुट्याई सोहि वर्गहरुलाई प्रत्यक्ष फाईदा पुग्ने खालका योजनाहरु वडा स्तरबाट छनौट भएको देखिन्छ । उपभोक्ता समितिवाट संचालन गरिएका योजनाको लागी अनुगमन समिति गठन गर्ने तथा उक्त समितिले अनुगमनको निर्णय र सूचना दिने व्यवस्था भए बमोजिम न.पा.मा छुट्टै अनुगमन समिति गठन गरिएको छ ।

# परिच्छेद चार

## स्थानीय शासनमा पारदर्शिता र जवाफदेहिता :

### १. नगरपालिका भित्रका उत्तरदायित्व, अनुगमन सम्बन्धमा कार्य गरी रहेका गैसस एवं नागरिक समाजका संस्थाहरु , क्रियाकलापहरु र कार्यक्षेत्र :

मध्यपुर थिमि नगरपालिका क्षेत्र भित्र सुशासन अभिवृद्धि गर्न उतरदायित्व,अनुगमन सम्वन्धमा तपसिलका संस्थाहरुले न.पा.संग समन्वय गरि कार्यक्रम तथा क्रियाकलापहरु गर्दै आईरहेका छन् ।

| क्र. स | सस्थाको नाम | सर्म्पक व्यक्ति | सर्म्पक नः | कार्यक्षेत्र | कार्यक्रम |
|---|---|---|---|---|---|
| १ | ग्रामिण पूर्वाधार तथा वातावरण विकास केन्द्र- नेपाल | नवराज अधिकारी | ९८५११६८९५२ | भक्तपुर जिल्लाभर | LGAF |
| २ | युवा क्रियाकलाप समाज | हरिकृष्ण श्रेष्ठ | ९८४१८८४३८२ | वडा नं. १ देखि ९ सम्म | सामाजिक परिचालन, खानेपानी तथा सरसफाई,जैविक उर्जा |
| ३ | रुपान्तर नेपाल | कविता श्रेष्ठ | ९८५११७७०६१ | वडा नं १० देखि १७ सम्म | सामाजिक परिचालन, विपद व्यवस्थापन |
| ४. | जिआईजेड | प्रविन तिवारी | ९८४१२५८७३६ | न.पा.क्षेत्र भित्र | शहरी स्वास्थ्य सुढृढीकरण |
| ५. | लुमन्ति | कुमारी शोभा तन्दुकार | ९८४१२८३९८९ | न.पा.क्षेत्र भित्र | खानेपानी तथा सरसफाई |
| ६. | सिविस | सावित्री मिश्र | ९८४१७१५२१० | न.पा.क्षेत्र भित्र | बालअधिकार संरक्षण , खानेपानी, सरसफाइ तथा स्वच्छता |
| ७ | सिविन | कल्पना खनाल | ९८१३२५५९१० | न.पा.क्षेत्र भित्र | बालअधिकार संरक्षण , खानेपानी, सरसफाइ तथा स्वच्छता |
| ८ | बालविकास समाज | साधना ढकाल | ९८४१४४४२५४ | न.पा.क्षेत्र भित्र | बालअधिकार संरक्षण |
| ९ | वातावरण तथा | जगम श्रेष्ठ | ९८४१६९११३८ | न.पा.क्षेत्र भित्र | खानेपानी, सरसफाइ |

| | | | | | |
|---|---|---|---|---|---|
| | जनस्वास्थ्य संस्था | | | | तथा स्वच्छता |
| १० | एकीकृत शहरी विकास केन्द्र | योगेश श्रेष्ठ | ९८४३२०३३५७ | न.पा.क्षेत्र भित्र | खानेपानी, सरसफाइ तथा स्वच्छता |

## २. नागरिकप्रतिको जवाफदेहिता वृद्धि गर्ने संयन्त्र Tools को कार्यान्वयनको अवस्था :

## २.१ सार्वजनिक निकायहरुले सञ्चालन गरेका संयन्त्रहरु Tools को कार्यान्वयनको अवस्था

- **सार्वजनिक सुनुवाई :**

मध्यपुर थिमि नगरपालिकाले कार्यविधी अनुसार ३ पटक नै सार्वजननिक सुनुवाई गरेको छ । प्रत्येक चौमासिक नगरबासीलाई सार्वजनिक सुचना जारी गरि सार्वजनिक सुनुवाई गर्ने गरिएको छ । यस नगरपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नका निम्ति ग्रामिण पूर्वाधार तथा वातावरण विकास केन्द्र-नेपालले समेत नागरिक अभिमत पत्र (CRC) तथा वहिर्गमन पत्र (Exit Poll) को सर्वेक्षण तथा तथ्याङ्क विश्लेषण गरि प्रतिवेदन तयार गरी नगरपालिकामा बुझाईएको थियो ।

- **सार्वजनिक परिक्षणः**

नगरपालिकाले नगरक्षेत्र सञ्चालन एवँ सम्पन्न भएका सवै योजनाहरुको सार्वजनिक परिक्षण गरिएको छ । योजनाहरुको सार्वजनिक परिक्षण प्रतिवेदन प्राप्त भए पछि मात्र अन्तिम किस्ता निकाशा दिने व्यवस्था नगरपालिकाले गरेको छ । केहि आयोजनाको सार्वजनिक सहजिकरणमा ग्रामिण पूर्वाधार तथा वातावरण विकास केन्द्र-नेपालले समेत अनुगमन तथा सार्वजनिक परिक्षणको लागि सहजीकरण गरेको थियो ।

- **सामाजिक परिक्षण :**

न.पा.ले एक आर्थिक बर्षमा सञ्चनल एवँ सम्पन्न गरेका योजना तथा कार्यक्रमहरुको सम्वन्धित सवै सरोकारवालाहरुलाई सहभागी गराई सामाजिक परिक्षण गरेको छ ।

- **नागरिक वडापत्र :**

मध्यपुर थिमि नगरपालिकाले विद्युतिय नागरिक वडापत्र स्पष्ट देख्ने ठाउमा राखिएको छ र वडापत्रको अवस्था राम्रो छ साथै वडापत्र अनुसार नै सेवाग्राहीहरुलाइ सेवा प्रदान गरेको छ ।

- **अन्य जवाफदेहिता वृद्धि गर्ने संयन्त्रको कार्यान्वयनको अवस्था :**

मध्यपुर थिमि नगरपालिकामा प्रत्येक चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नका निम्ति ग्रामिण पूर्वाधार तथा वातावरण विकास केन्द्र,नेपालको सहयोगमा नागरिक अभिमत पत्र ( Citizen Report Card) सर्वेक्षण तथा तथ्याँक विश्लेषण गरि प्रतिवेदन तयार गरिएको थियो । यसै गरि नगरपालिकावाट सेवा प्राप्त गरेका व्यक्तिहरुसंग वहिर्गमन सर्वेक्षण (Exit Pooll Survey) समेत गरिएको थियो ।

## २.२ नागरिक समाजका संघसंस्थाहरुले सञ्चालन गरेका अन्य Tools संयन्त्रहरुको अवस्था

नगरपालिकामा प्रत्येक चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नका निम्ति नागरिकहरुको सन्तुष्टि तथा असन्तुष्टि जनाउने नागरिक प्रतिवेदनमा रहेको विविध ६ वटा शिर्षकको प्रश्नहरुलाई

नगरपालिकाका सवै वडा कार्यालयका स्थानहरुमा पुगि नागरिक समाजका संस्था ग्रामिण पूर्वाधार तथा वातावरण विकास केन्द्र-नेपाल लगाएतका संस्थाले नागरिक प्रतिवेदन पत्र (CRC) तथा वहिर्गमन अभिमत पत्र (Exit Poll) को सर्वेक्षण तथा तथ्याङ्क विश्लेषण गरि प्रतिवेदन नगरपालिकामा बुझाएको थियो । उक्त प्रतिवेदको सारांश निम्नानुसार छन् ।

- नागरिक प्रतिवेदन पत्र : प्रत्येक पटकको सार्वजनिक सुनुवाईमा नागरिक प्रतिवेदन पत्र तयार गर्ने गरिएको छ । नगरका प्रत्येक वडामा नमूना छनौट गरी सेवाग्राहीबाट लिइने गरिएको छ । जसको विश्लेषण सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गर्ने गरिएको छ ।
- बहिर्गमन अभिमत : प्रत्येक पटकको सार्वजनिक सुनुवाईमा कार्यालयको परिसरमै बसेर लिइएको बर्हिगमन अभिमत प्रतिवेदन तयार गरी प्रस्तुत गर्ने गरिएको छ ।

गत आ.व.को सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरिएको नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमतको सारांस निम्न बमोजिम रहेको थियो :

प्रश्नावली भाग १: नागरिक प्रतिवेदन (Citizen Report Card) को सारांश

**(सन्तुष्टि वा असन्तुष्टि जनाउने)**

| सूचक | नतिजा |
|---|---|
| **सुचक १: सेवाको सन्तुष्टिः सम्बन्धमा जम्मा २ वटा प्रश्न सोधिएको थियो ।** | **समग्रमा सेवाको सन्तुष्टिः** का वारेमा १३ प्रतिशतले सन्तुष्ट, ७१.३३ प्रतिशतले ठीकै, १५.६७ प्रतिशतले असन्तुष्ट । |
| **सुचक २: सेवाको नियमितता सम्बन्धमा जम्मा ४ वटा प्रश्न सोधिएको थियो ।** | **समग्रमा सेवाको नियमितताः** का वारेमा २१.८३ प्रतिशतले सकारात्मक धारणा व्यक्त गरेका छन् । ५८.४२ प्रतिशतले मध्यम अवस्थाको प्रतिक्रिया दिएका छन् भने १९.७५ प्रतिशतले पुर्ण असन्तुष्टि जनाएका छन् । |
| **सुचक ३: सेवाप्रतिको जनविश्वास सम्बन्धमा जम्मा ४ वटा प्रश्न सोधिएको थियो ।** | **समग्रमा सेवाप्रतिको जनविश्वासः** का वारेमा १४.६७ प्रतिशत सहभागिहरुले आफु विश्वस्त रहेको वताए । ६६.३३ प्रतिशतले ठिकै रहेको तथा अन्य १९ प्रतिशत उत्तरदाताहरुले आफुहरु विश्वस्त नरहेको वताए । |
| **सुचक ४: सेवाको गुणस्तर सम्बन्धमा जम्मा ३ वटा प्रश्न सोधिएको थियो ।** | **समग्रमा सेवाको गुणस्तरः** को वारेमा ४८.४४ प्रतिशतले गुणस्तका वारेमा सन्तुष्ट जनाएका छन् । यस्तै, ३० प्रतिशतले कम सन्तुष्ट तथा २०.६७ प्रतिशतले असन्तुष्टी जनाएका छन् , भने ०.८९ प्रतिशतले उत्तर दिन चाहेका छैनन् । |
| **सुचक ५: सेवा सम्वन्धी जानकारीको बिषयमा जम्मा ५ वटा प्रश्न सोधिएको थियाे ।** | **समग्रमा सेवा सम्वन्धी जानकारीः** को वारेमा १८.८ प्रतिशतले अति राम्रो भनि प्रतिक्रिया जनाएका छन् । ४४.६७ प्रतिशतले सन्तोष जनक प्रतिक्रिया दिएका छन् भने ३३.७३ प्रतिशतले असन्तुष्टि प्रदान गरेका छन् भने २.८ प्रतिशतले उत्तर दिन चाहेनन् । |
| **सुचक ६ : नागरिक** | **समग्रमा नागरिक वडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी** |

| सूचक | नतिजा |
|---|---|
| **वडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्वन्धमा जम्मा ३ वटा प्रश्न सोधिएको थियो ।** | **सम्वन्धमाः** का वारेमा ७.११ प्रतिशतले मात्रै नागरिक वडापत्र/उजुरी पेटिकाका वारेमा धेरैनै प्रयोग गरेको वताएका छन् । ५३.३३ प्रतिशतले कहिलेकाहि प्रयोग गरेको वताए र ३८.८९ प्रतिशतले प्रयोगनै नगरेको वताएका छन् भने ०.६७ प्रतिशतले उत्तर दिएका छैनन् । |

नगरपालिका तथा वडा कार्यालयहरुवाट प्रदान गरिएका विभिन्न सेवा सुविधाका विषयमा गरिएको सर्वेक्षणको सारांश : यसमा सिफारिस सम्वन्धी,पुर्वाधार तथा सरसफाई सम्वन्धि, कार्यालयको विभिध पक्षहरु र पारर्शिता सम्वन्धि ४ वटा सुचक समावेश गरि सर्वेक्षण गरिएको थियो ।

| सूचक | नतिजा |
|---|---|
| **सुचक १: सिफारिस सम्वन्धि विषयमा ४ वटा प्रश्न सोधिएको थियो ।** | **समग्रमा सिफासि सम्वन्धीः** का विषयमा ४३.३३ प्रतिशतले सन्तुष्टि जनाएका छन् । २६.६७ प्रतिशतले मध्यम प्रतिक्रिया दिएका छन् र २९.६८ प्रतिशतले असन्तुष्टि जनाएका छन् भने ०.८३ ले उत्तर दिएका छैनन् । |
| **सुचक २: पुर्वाधार तथा सरसफाई सम्वन्धि विषयमा ११ वटा प्रश्न सोधिएको थियो ।** | **समग्रमा पुर्वाधार तथा सरसफाई सम्वन्धीः** का विषयमा १२.३६ प्रतिशतलाई सन्तोष प्रदान गरेको देखिएको छ । ५९.२७ प्रतिशतले ठिकै महसुस गरेका छन् भने २५.०९ प्रतिशतले असन्तुष्टी जनाएका छन् । साथै ३.७३ प्रतिशतले उत्तर दिएका छैनन् । |
| **सुचक ३: कार्यालयका विविध पक्षहरुमा नागरिकका अनुभव सम्वन्धि बिषयमा ६ वटा प्रश्न सोधिएको थियो ।** | **समग्रमा कार्यलयका विविध पक्षहरुमा नागरिकको अनुभव कस्तो छ** भनि सोधिएको यो सुचकमा १६.४४ प्रतिशतले सन्तुष्ट रहेको उत्तर दिएका छन् । ५३.३३ प्रतिशतले ठिकै/सन्तोषजनक भनेका छन् भने २९.६८ प्रतिशतले कार्यालयका विभिन्न पक्षहरुका वारेमा असन्तुष्टि व्यक्त गरेका छन् । भने ०.४४ ले उत्तर दिएका छैनन् । |
| **सुचक ४: पारदर्शिता सम्वन्धि विषयमा ६ वटा प्रश्न सोधिएको थियो ।** | **समग्रमा पारदर्शीता सम्वन्धिः** नागरिक प्रतिवेदन पत्रको अन्तिम सुचकका रुपमा पारदर्शीताको विषयलाई समावेश गरिएको छ । यसमा १४.६७ प्रतिशतले सन्तुष्टि व्यक्त गरेका छन् । २२.८९ प्रतिशतले आफुपनि केहि कृयाकलापहरुमा सहभागि हुने गरेको भन्दै पारदर्शिताको विषयमा नगरपालिका र संयुक्त वडा कार्यालयले ठिकै खालको क्रियाकलाप संचालन गरेको भनि सन्तोषजनक प्रतिकृया व्यक्त गरेका छन् । ६२.२२ प्रतिशतले भने पारदर्शिताको विषयमा नगरपालिका र संयुक्त वडा कार्यालयले त्यस्तो नियमित क्रियाकलापहरु खासै नगरेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् । भने ०.२२ प्रतिशतले उत्तर दिएका छैनन् । |

- **Exit poll :** नगरपालिका र वडामा गरिएको बहिर्गमन अभिमत पत्रको साराँश

| सि.नं | सेवाको नाम | मूल्याङ्कन -उपयुक्त कोष्ठमा रेजा ( ) लगाउने | | |
|---|---|---|---|---|
| १. | **सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा** | अति स्पष्ट २२% | ठीकै ५६ | अस्पष्ट २२% |

| | | | | |
|---|---|---|---|---|
| | **तपाईलाई स्पष्ट जानकारी भयो ?** | | | |
| २. | **सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझ्े जस्तो लाग्यो ?** | अति धेरै १२% | ठीकै ६८% | थोरै २०% |
| ३. | **तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?** | मिलनसार र मैत्रीपूर्ण ४२% | ठीकै ५२% | अभद्र/अमर्यादित ६% |
| ४. | **सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?** | अति स्पष्ट गरिदिए ३२% | ठीकै ४०% | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए २८% |
| ५. | **तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?** | अति सजिलो तरिकाबाट समाधान दिए २०% | ठीकै ५०% | समाधान दिन सकेनन् ३०% |
| ६. | **सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के– कस्तो लाग्यो ?** | अति सजिलो (छोटो)१०% | ठीकै ३६% | लामो र झन्झटिलो ५४% |

**२.३ नगरपालिकामा गुनासा सुनुवाई सम्बन्धी व्यवस्था :**

नगरपालिकाले गुनासो सुन्ने संयन्त्र स्थापना गरिएको छ । नगरबासीको गुनासो सुन्नको लागि गुनासो सुन्ने अधिकारी तोकिएको छ भन्ने गुनासो तथा सुझाव पेटीका, छुट्टै टेलिफोन, इमेल इन्टरनेट तथा वेव साईटको व्यवस्था गरिएको छ । गुनासो पेटीका सातामा एकपटक खोल्ने व्यवस्था गरि ती गुनासाहरुलाई समयमै  समाधान गर्ने प्रयास गरेका छन् । गत आ.ब.मा न.पा.मा लिखित रुपमा २९ वटा गुनासो तथा उजुरी निवेदन परेकोमा २९ वटै गुनासाका कारवाही भई २६ वटा समाधान गरिएको थियो । मौखिक रुपमा आएका गुनासाहरुलाई तत्काल सुनुवाई गर्ने प्रयास गरिएको छ ।

**२.४ सूचना अधिकारीको व्यवस्था र नगरपालिकाको सञ्चार र पारदर्शि सम्बन्धी अभ्यास :**

मध्यपुर थिमि नगरपालिकाले बरिष्ठ कानून अधिकृत श्री केशव सिलवाललाई सुचना अधिकारीको रुपमा तोकिएको छ । स्थानिय सञ्चारमाध्यम र पत्रपत्रिकाहरु मार्फत आवश्यक सूचनाहरु प्रवाहित गरेका छन्। स्थानीय निकाय स्रोतपरिचालन, व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४९ उपदफा ६ मा भएको सूचनाको हक  सम्वन्धि अधिकारलाई कार्यान्वयन गराउन नगरपालिका प्रतिवद्ध रहेको छ ।

**२.५ वित्तीय जोखिम न्यूनिकरण सम्बन्धी व्यवस्था :**

नगरपालिकाले आफ्नो आम्दानी खर्चको विवरण मासिक रुपमा सार्वजनिक गर्ने गरेको छ । यसका साथै म.ले.प.को प्रतिवेदन पनि परिषद्मा छलफल गराई सार्वजनिक गर्ने गरेको छ । न.पा.ले भक्तपुर एफ एम संग सम्झौता गरे बमोजिम प्रत्येक विहीबार बेलुकी ७:०० देखि ८ बजेसम्म मध्यपुर थिमि हाम्रो सम्पति नामक कार्यक्रम संचालन गरि आय व्यय लगाएतका अन्य गतिविधिहरुको सुचना

आम नगरबासीलाई दिने गरिएको छ । साथै प्रत्येक बर्षको आय व्ययको विवरण स्थानीय पत्रिका मार्फत सार्वजनिक गर्ने गरेको छ । यसैगरी वित्तीय जोखिम न्यूनिकरणका क्षेत्रमा आयोजनाको होर्डिङ्ग बोर्ड राख्ने जस्ता कार्यहरु पनि अनिवार्य गरेको छ, अर्थात स्थानीय निकाय श्रोत परिचालन कार्यविधिले तोकेको मापदण्ड बमोजिम नै कार्य गरि रहेको छ ।

# परिच्छेद पाँच

# अन्तरसम्बन्ध र समन्वय

## ५.१ ठाडो समन्वय (Vertical Coordination) :

नगरपालिकाले तल्लो तहबाट नै वडा भेलाबाट योजनाहरु छनौट भई प्राथमिकिकरण गरि त्यसकै आधारमा योजनाहरुमा रकमको बिनियोजन हुने गरेको छ । हरेक महिना नगरपालिकामा रिर्पोर्टिङ्ग गर्ने काम गरिएको हुन्छ । नगरपालिकाको निर्देशन, परिपत्र, अख्तियारी तल्लो निकायमा ठाडो समन्वय अर्न्तगत जाने गरेका छन् ।

**<u>नगरपालिकाको नीति,योजना,बजेट तथा कार्यक्रम तर्जुमा प्रकृया:-</u>**

- बजेट पुर्वानुमान र मार्ग दर्शन :- कार्तिक मसान्त सम्म ।
- नगरपालिकालिका बोर्ड बैठक तथा सर्वदयिक बैठक :- कार्तिक मसान्त सम्म ।
- बजेट पूर्वानुमान/मार्ग दर्शनको पुनरावलोकन :- मंसिर पहिलो हप्ता भित्र
- वडा भेला:- मंसिर मसान्त भित्र
- वडा स्तरीय योजना छनौट तथा प्राथमिकिरण :- पुषको पहिलो हप्ता भित्र
- एकीकृत योजना तर्जुमा समितिको बैठक तथा सर्वदलिय संयन्त्र बैठक :- पुषको दोश्रो हप्ता भित्र
- न.पा.बोर्ड बैठक : पुषको तश्रो हप्ता भित्र ।
- नगर परिषद : पुषको मसान्त भित्र ।
- नीति,योजना,बजेट तथा कार्यक्रम सार्वजनिकक : माघ भित्र ।
- स्वीकृत नीति,योजना,बजेट तथा कार्यक्रम कार्यान्वयन :- श्रावण देखि

## ५.२ तेर्सो समन्वय (Horizontal Coordination):

नगरपालिकाले समान हैसियत भएका कार्यालयहरुका वीचमा एक आपसमा समन्वय गरेर अघि बढेको छ । बिभिन्न बिषयगत कार्यालयहरु मार्फत आउने कार्यक्रमहरु पनि न.पा.सँग समन्वय गरेर आपसी समझदारीमा नै कार्य गरेको छ । न.पा.मा आइपर्ने बिपद र जोखिम ब्यवस्थापनका लागि सम्बन्धित कार्यालयहरुका वीचमा आवश्यक समन्वय गरिएको छ । न.पा.को कामलाई प्रभावकारी बनाउनका लागि हरेक महिनाको एक पटक कर्मचारी बैठक र आवश्यकता अनुसार विषयगत कार्यालयहरु संग समन्वय बैठक बस्ने गरिन्छ ।

### ५.३ गैरसरकारी संघसंस्था तथा नागरिक समाजसँगको समन्वयः

सिमित श्रोत साधनवाट अधिकत योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने नीति अनुरुप न.पा.ले गैर सरकारी सस्थाहरुसँग समन्वय गरेर विभिन्न योजना तथा कार्यक्रमहरु सञ्चालन कार्य गरेको छ । समाज कल्याण परिषद् मार्फत कार्यक्रम स्वीकृत गराएर न.पा.मा क्रियाकलापहरुका वारेमा जानकारी दिई अनुमति लिई सके पछि मात्र कार्य गर्नु पर्ने कानूनी व्यवस्था भएता पनि कतिपय गैर सरकारी सस्थाहरुले न.पा.लाई थाहा नै नदिई कार्य सम्पादन समेत गरिरहेको अवस्था पनि देखिन्छ । स्थानिय निकायसँग समन्वय गरी कार्य गर्ने गैससहरुलाई आवश्यक सहयोग गरि मिलेर नै कार्य गरिरहेको अवस्था न.पा. देखिएको छ । केहि गैससहरुका कार्यक्रमहरुको निगरानी त्यति प्रभावकारी वन्न नसकेको देखिएको छ । सिमित स्रोत र साधन तथा कतिपय अवस्थामा गतिविधीका वारेमा समेत पत्तो नहुदा निगरानीको पक्ष फितलो वनेको देखिन्छ । नागरिक समाजका सस्थाहरुसँग भने स्थानिय निकायहरुले हातेमालो गरेका छन् । नागरिक समाजका सुझावहरुलाई ग्रहण गर्ने, सुधारका लागि पहल गर्ने काम स्थानिय निकायहरुले गरिरहेका छन् । न.पा.मा कार्यसञ्चालन गर्ने गैससहरुलाई आर्थिक वर्षको अन्त्यमा कार्यप्रगति विवरण तथा भावियोजना पेश गर्न समिक्षा वैठकमा स्थान दिएको पाइन्छ ।

### ५.४ सञ्चार माध्यमसँगको समन्वय :

मध्यपुर थिमि नगरपालिकामा स्थानिय सञ्चार माध्यम र स्थानिय निकायहरु वीचको सम्वन्ध सुमधुर नै देखिन्छ । न.पा.का सवै जसो स्थानिय सञ्चारका माध्यमहरुसँग आवश्यक समन्वय गरि कार्य सम्पादन गरिएको छ । स्थानिय निकायको कार्यसञ्चालनका लागि स्थानिय सञ्चारका माध्यमहरुमा लेखहरु प्रकाशन गर्ने, रेडियो कार्यक्रमहरु उत्पादन तथा प्रसारण गर्ने कार्य गरिएको छ । छापा माध्यमहरुमा गतिविधी र जबाफदेहिताका औजारहरुको प्रयोग गर्दा त्यसका विधीहरुका वारेमा लेखहरु प्रकाशन गरिएका छन् । प्रिन्ट मिडियासँगको सम्वन्ध पनि सुमधुर छ । पत्रकार महासंघसँगको सम्वन्ध सुमधुर छ । महासंघले स्थानिय निकायमा सञ्चालित कार्यक्रमहरुमा आफ्नो सहभागीता र सहयोग गर्दै आएको छ । नगर क्षेत्रमा क्रियाशिल पत्रकारहरुको समुह मध्यपुर सञ्चार समाज, मध्यपुर पत्रकार मञ्च, क्रियाशिल पत्रकार समुह भक्तपुर लगाएत मध्यपुरवाट निस्कने स्थानीय पत्र पत्रिकाहरुसंग नियमित समन्वय र सहकार्यमा सञ्चार क्षेत्र प्रवर्द्धन कार्यक्रम समेत सञ्चालन गरि रहेको छ ।

# परिच्छेद छ

# निष्कर्ष तथा सुझाबहरु

- सहभागितामुलक तथा समावेशी नीति,योजना,बजेट तथा कार्यक्रम तर्जुमा कार्यलाई अझ प्रभावकारी बनाउन राजनैतिक दलहरु,वडा नागरिक मञ्च,सँघसंस्था,समुहहरु तथा स्थानीय बासिन्दाहरुको सक्रिय सहभागिता अभिवृद्धि गर्दै लक्षित समुहको कार्यक्रममा निर्धारित प्रतिशत बजेट विनियोजित गरि कार्यान्वयन गर्नु पर्ने ।
- नगरपालिकाले नियमित रुपमा उपभोक्ता समिति र वडा नागरिक मञ्चका व्यक्तिहरुलाई अभिमुखिकरण कार्यकम सञ्चालन गरि ऐन नियममा भएका व्यवस्थाका विषयमा जानकारी गराउनुपर्ने । यसो हुँदा प्रसाशनिक समस्याबाट मुक्त हुने ।

- नगरपालिकामा दिगो सुशासनका लागी LGCDP कार्यक्रमलाई स्थानीय व्यक्तिहरुको स्वामित्व अनुभुति हुने गरि अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।
- स्थानीय निकायहरुबाट संचालन हुने कार्यक्रमहरुमा जनसहभागिता न्यून हुँदै गएकाले यसका लागि बैकल्पिक व्यवस्था गर्नु पर्ने (जस्तै अधिकांश उपभोक्ता समितिहरुले तोकिए बमोजिमको न्यूनतम लागत व्यहोर्न तयार देखिँदैनन् ) देखिन्छ ।
- सञ्चालित योजना तथा कार्यक्रमको गुणस्तर कायम राख्न र पारदर्शिताका लागि नियमित अनुगमन हुनु पर्ने र कुनै अनियमितता देखिए तुरुन्तै कारवाही गर्ने कानूनी व्यवस्था कडाइका साथ लागू गर्नु पर्ने ।
- उपभोक्ता समितिलाई नियमित रुपमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरि ऐन नियममा भएका व्यवस्थाका विषयमा जानकारी गराउनुपर्ने ।
- विषयगत कार्यालयहरु र गैससहरुले नगरपालिकासँग समन्वय गरेर मात्र आफ्ना कार्यक्रमहरु संचालन गर्नु पर्ने ।